घोडाघोडी स्थानीय राजपत्र
**घोडाघोडी नगरपालिकाको कार्यालय द्वारा प्रकाशित**
सुखड,सुदूरपश्चिम प्रदेश नेपाल

| भाग २ | वर्ष ६ | अंक ५० | २०८० असार १८ |
|---|---|---|---|

# स्थानीय सेवाको पुरस्कार वितरण सम्वन्धी कार्यविधि २०८०

घोडाघोडी नगरपालिका र नगरपालिका मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणका कार्यमा समेत प्रभावकारीता ल्याउन स्थानीय सेवा पुरस्कारको व्यवस्था गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी घोडाघोडी नगरपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षीप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"स्थानीय सेवाको पुरस्कार वितरण सम्वन्धी कार्यविधि २०८०" रहेको छ।**

(२) यो कार्यविधी तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **संयोजक** भन्नाले यस कार्यविधि बमोजिम पुरस्कारका लागि सिफारिस गर्न गठित सिफारिस समितिको संयोजक लाई सम्झनु पर्छ।

ख) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले घोडाघोडी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ग) **पुरस्कार** भन्नाले दफा ३ बमोजिमको पुरस्कार सम्झनु पर्छ।

घ) **समिति** भन्नाले यस कार्यविधिको दफा ६ वमोजिमको समिति सम्झनु पर्छ।

**३. पुरस्कारको किसिमः**

| क्र.स. | पुरस्कारको किसिम | संख्या | पुरस्कार |
|---|---|---|---|
| १ | सर्वोउत्कृष्ट स्थानीय सेवा पुरस्कार | १ | ५०,००० र प्रमाणपत्र |
| २ | उत्कृष्ट स्थानीय सेवा पुरस्कार | ३ | ३०,००० र प्रमाणपत्र |
| ३ | स्थानीय सेवा पुरस्कार | १० | १०,००० र प्रमाणपत्र |
| जम्मा | | १४ जना | |

**४. पुरस्कार सिफारिसका आधार**

समितिले देहायको पुरस्कारको लागि सिफारिस गर्दा ज्येष्ठता, कार्यकुशलता, व्यवसायीकता, नेतृत्वशैली, सृजनशिलता र लगनशिलताका अतिरिक्त देहाय वमोजिमका आधार लिनु पर्नेछ।छनोटका मापदण्डः

१. कार्य सम्पादन प्रतिको समर्पण, निष्ठा र उत्साह ।

२. जिम्मेवारी वोध र कार्य सम्पादनको अभिलेख क्षमता।

३. नेतृत्व क्षमता र  समन्वय,निष्पक्ष कार्य सम्पादन।

४. कार्य सम्पादन संग सम्वन्धीत विषयमा खोज अनुसन्धान।

५. सिर्जनशिलता र नया अभ्यास प्रतिको अग्रसरता,नया प्रविधिको विकास।

६. सहयोगी, मिलनसार र समुहमा काम गर्ने गराउने क्षमता।

७. सदाचार, नैतीकता,ईमान्दारीता र आचार संहीताको पालना,समय पालना र अनुशासन।

८. संस्थागत सुधारमा पुर्याएको विशेष योग्दान।

९. सेवाग्राही संगको व्यवहार र जनसम्पर्क सिप।

१०. कार्यालयका निर्णयको कार्यान्वयन अवस्था।

**५. पुरस्कारको सिमा ,मापदण्ड र योग्यता**

(क) **सर्वोउत्कृष्ट स्थानीय सेवा पुरस्कार**ः- १जना

क) स्थानीय सेवाको स्थाई पदमा पाचँ वर्ष वा सो भन्दा वढी अवधी सेवा गरेको ।
ख) तिन बर्ष देखि कुनै पनि प्रकारको सजाय नपाएको ।
ग) तिन बर्ष देखि अध्ययन वा असाधारण बिदा नलिएको।
घ) निजको नाममा व्यक्तीगत बेरुजु नदेखिएको।

(ख) **उत्कृष्ट स्थानीय सेवा पुरस्कार**ः- ३ जना

क) स्थानीय सेवाको स्थाई पदमा तिन वर्ष वा सो भन्दा वढी अवधी सेवा गरेको ।
ख) दुई बर्ष देखि कुनै पनि प्रकारको सजाय नपाएको ।
ग) दुई बर्ष देखि अध्ययन वा असाधारण बिदा नलिएको।
घ) निजको नाममा व्यक्तीगत बेरुजु नदेखिएको।

(ग) **स्थानीय सेवा पुरस्कार**ः- १० जना

क) स्थानीय सेवाको स्थाई/अस्थाई पदमा दुई वर्ष वा सो भन्दा वढी अवधी सेवा गरेको ।
ख) एक बर्ष देखि कुनै पनि प्रकारको सजाय नपाएको ।
ग) एक बर्ष देखि अध्ययन वा असाधारण बिदा नलिएको।
घ) निजको नाममा व्यक्तीगत बेरुजु नदेखिएको।

**६. पुरस्कार फिर्ता गर्न/लिन सकिने**

(१) पुरस्कार प्राप्त गरेको कुनै कर्मचारीले कुनै अमर्यादित कार्य गरेमा निज लाई दिईएको त्यस्तो पुरस्कार सिफारिस समितिले फिर्ता गराउन सक्नेछ।

७. **सिफारिस समितिः**

(१)पुरस्कारको लागि सिफारिस गर्न देहाय वमोजिमको सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| ३ | प्रशासन शाखा प्रमूख | सदस्य सचिव |

(२) पुरस्कार सिफारिस समितिले समितिको काम गर्न वा छनोटका लागि आवश्यक ठानेमा आवश्यक्ता अनुसार विज्ञ व्यक्तीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) पुरस्कार सिफारिस समितिको सदस्य वा सदस्य सचिवलाईनै पुरस्कार तथा सम्मान गर्नु पर्ने अवस्थामा निजहरु लाई समितिको वैठकमा उपस्थित नगराई सिफारिस समितिको संयोजकले समितिको निर्णय गर्न विज्ञ टोलि मार्फत गराउने ।

(४) समितिले वैठक सम्वन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

## ८. सुचना प्रकाशनः

(१) पुरस्कारको लागि दावि गर्न दफा ९ वमोजिम सवै कर्मचारीहरु लाई जानकारी गराउन पुरस्कर सिफारिस समितिले कम्तिमा ७ दिन पुर्वनै सुचना प्रकाशन गर्ने।

## ९. पुरस्कार दावि

(१) पुरस्कार दावि गर्न अनिवार्य रुपमा अनुसुची १ वमोजिमको ढाचामा पुरस्कार सिफारिस समितिको संयोजक ज्यू समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) एक बर्ष कुनै प्रकारको पुरस्कार प्राप्त गरेमा अर्को बर्ष सोहि पुरस्कारका लागि दावि गर्न पाईनेछैन तर सो भन्दा फरक पुरस्कारका लागि दावि गर्न बाधा पर्ने छैन।

## १०. पुरस्कारको सिफारिस तथा निर्णय

(१) सिफारिस समितिले दफा ४ वमोजिम को उपदफा १,र दफा ५ को (क),(ख),र (ग) मा व्यवस्था भए वमोजिमका मापदण्डका आधारमा दफा ३ मा व्यवस्था भए बमोजिमको पुरस्कारका लागि आवश्यक संख्या तोकि अनुसुची २ वमोजिमको ढाचामा घोडाघोडी नगरपालिकाको कार्यालय लाई सिफारिस गर्ने छ।

(२) सिफारिस गरेको नामावली कार्यपालिकाले अनुमोदन गरेर  वर्खे/बजेट अधिवेशनबाट कर्मचारीहरुलाई पुरस्कार तथा सम्मान गरिनेछ।पुरस्कार ग्रहण गर्न सम्मानित हुने कर्मचारी स्वयम उपस्थित हुनु पर्नेछ।

(३) सिफारिस समितिले  कार्यविधिले तोकेको सङ्ख्या अनुसार छनोट गरि पठाउन नसकेमा  मा नपठाएमा कार्यपालिकाले  कुनै कर्मचारी लाई सम्मान तथा पुरस्कृत गर्न उचित ठानेमा त्यस्तो कर्मचारी लाई पुरस्कृत गर्न सक्नेछ।

## ११. पुरस्कार वितरणः

(१) पुरस्कारका लागि आवश्यक रकम नगरपालिकाले बार्षिक बजेटमा कर्मचारी सम्मान तथा पुरस्कार शिर्षकमा व्यवस्था भए वमोजिम दफा ३ अनुसारको रकम र अनुसुची ३ वमोजिमको ढाचामा प्रमाणपत्र उपलव्ध गराईनेछ।

## १२. खारेजी र वचाउः

(१) स्थानीय सेवाको पुरस्कार वितरण सम्वन्धी कार्यविधि २०८० वमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**घोडाघोडी नगरपालिका**

**अनुसुची १**
**पुरस्कार दावि (नमुना )फारम**

सर्वोउत्कृष्ट/उत्कृष्ट/स्थानीय सेवा पुरस्कार

श्री संयोजक ज्यू,
पुरस्कार सिफारिस समिति,
घोडाघोडी नगरपालिका,सुखड,कैलाली ।

**विषयः पुरस्कारका लागि सिफारिस गरिपाउ बारे।**

प्रस्तुत विषय सम्वन्धमा घोडाघोडी नगरपालिकाको "स्थानीय सेवाको पुरस्कार वितरण सम्वन्धी कार्यविधि २०८०" वमोजिम ....................................पुरस्कारका लागि यस घोडाघोडी नगरपालिकाको को .................... कार्यालय / शाखा/ उपशाखा/इकाई/सेवाकेन्द्र/स्वास्थ्य केन्द्र मा कार्यरत म श्री ....................................ले तोकेका सम्पुर्ण मापदण्ड/योग्यता पुरा गरेको हुदा उक्त पुरस्कारका लागि नगर कार्यपालिकाको कार्यालय लाई सिफारिस गरिदिन हुन सविनय अनुरोध गर्दछु।

| | |
|---|---|
| **कर्मचारीको नामः** | .................................................... |
| **सेवा** | स्थाई/अस्थाई |
| **संकेत नम्वरः** | .................................................... |
| **पदः** | .................................................... |
| **तहः** | .................................................... |
| **समुहः** | .................................................... |
| **लिंगः** | महिला/पुरुष |
| **सुरु नियुक्ती मितिः** | |
| **हालको पदमा नियुक्ती मितिः** | |
| **कार्यरत कार्यालय/ शाखा/ इकाई/ सेवाकेन्द्रः** | |
| **यस अघि काम गरेका कार्यालय/शाखा/इकाई/सेवाकेन्द्रः** | |
| | |

<table>
<tr>
<td>दावि गरेको पुरस्कार र मापदण्ड पालनाको अवस्थाः</td>
<td>
<table>
<tr><th>मापदण्ड</th><th>पुरा भए-नभएको</th></tr>
<tr><td colspan="2">सर्वोउत्कृष्ट स्थानीय सेवा पुरस्कार</td></tr>
<tr><td>स्थानीय सेवाको स्थाई पदमा पाचँ वर्ष वा सो भन्दा वढी अवधी सेवा गरेको ।</td><td></td></tr>
<tr><td>तिन बर्ष देखि कुनै पनि प्रकारको सजाय नपाएको ।</td><td></td></tr>
<tr><td>तिन बर्ष देखि अध्ययन वा असाधारण बिदा नलिएको।</td><td></td></tr>
<tr><td>निजको नाममा व्यक्तीगत बेरुजु नदेखिएको।</td><td></td></tr>
<tr><td colspan="2">उत्कृष्ट स्थानीय सेवा पुरस्कार</td></tr>
<tr><td>स्थानीय सेवाको स्थाई पदमा तिन वर्ष वा सो भन्दा वढी अवधी सेवा गरेको ।</td><td></td></tr>
<tr><td>दुई बर्ष देखि कुनै पनि प्रकारको सजाय नपाएको ।</td><td></td></tr>
<tr><td>दुई बर्ष देखि अध्ययन वा असाधारण बिदा नलिएको।</td><td></td></tr>
<tr><td>निजको नाममा व्यक्तीगत बेरुजु नदेखिएको।</td><td></td></tr>
<tr><td colspan="2">स्थानीय सेवा पुरस्कार</td></tr>
<tr><td>स्थानीय सेवाको स्थाई/अस्थाई पदमा दुई वर्ष वा सो भन्दा वढी अवधी सेवा गरेको ।</td><td></td></tr>
<tr><td>एक बर्ष देखि कुनै पनि प्रकारको सजाय नपाएको ।</td><td></td></tr>
<tr><td>एक बर्ष देखि अध्ययन वा असाधारण बिदा नलिएको।</td><td></td></tr>
<tr><td>निजको नाममा व्यक्तीगत बेरुजु नदेखिएको।</td><td></td></tr>
<tr><td></td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>पुरस्कारका लागि सिफारिस गर्नु पर्नाको कारण/आफुले गरेको उदाहरणीय कार्य(३ पेजमा नवढने गरेर)</td>
<td></td>
</tr>
<tr>
<td>थप केहि भए...</td>
<td></td>
</tr>
</table>

**अनुसुची २**

**सिफारिस नमुना फारम**

**श्री घोडाघोडी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,सुखड,कैलाली ।**

विषयः नामावली सिफारिस गरिएको सम्वन्धमा

प्रस्तुत विषय सम्वन्धमा घोडाघोडी नगरपालिकाको स्थानीय सेवाको पुरस्कार वितरण सम्वन्धी कार्यविधि २०८० दफा ७ मा व्यवस्था भए वमोजिमको सिफारिस समितिले आ.व. २०७९-०८० मा प्रदान गरिने पुरस्कारका लागि सिफारिस समितिको कार्यालयमा  अनुसुची १ वमोजिम पुरस्कार तथा सम्मानका लागि छनोट गरिदिन भनि पेश भएका निवेदनहरुको छनोट गरि देहाय वमोजिमका कर्मचारीहरु लाई सिफारिस गरिएको व्योरा स्थानीय सेवा पुरस्कार सिफारिस समितिको मिति ..................को वैठकको निर्णय अणुसार अनुरोध छ।

तपशिलः

| क्र.स. | कर्मचारीको नाम | पद | पुरस्कारको किसिम | पुरस्कार राशि र प्रमाणपत्र |
|---|---|---|---|---|
| सर्वोउत्कृष्ट स्थानीय सेवा पुरस्कार | | | | |
| १ | | | | |
| उत्कृष्ट स्थानीय सेवा पुरस्कार | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| स्थानीय सेवा पुरस्कार | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |

........... .........

सदस्य सचिव संयोजक

## अनुसुची ३

## सर्वोउत्कृष्ट/उत्कृष्ट/स्थानीय सेवा पुरस्कार पाउने लाई प्रदान गरिने प्रमाणपत्र ढाचा

## घोडाघोडी नगरपालिका

श्री ...............................

................................................।

तपाईले घोडाघोडी नगरपालिकाको .....................................................पदमा रही ...........................................कार्य गरे वापत घोडाघोडी नगरपालिकाले तपाईलाई आ.व. ........................./..............................को **सर्वोउत्कृष्ट/ उत्कृष्ट/ स्थानीय सेवा पुरस्कार** प्रदान गरेको छ।

भविष्यमा पनि तपाई बाट घोडाघोडी नगरपालिकाले बिशिष्ट योग्दानको अपेक्षा राखेको छ।

| | | |
|---|---|---|
| ......................................<br>प्रमुख प्रशासकीय अधिकृत<br>घोडाघोडी नगरपालिका | ......................................<br>नगर उप प्रमुख<br>घोडाघोडी नगरपालिका | ......................................<br>नगर प्रमुख<br>घोडाघोडी नगरपालिका |